कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश राजस्व कार्यालय

इटहरी, सुनसरी, नेपाल

## घर/फ्ल्याट भाडामा लिने सम्बन्धी पन्ध्र दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०४/१५

सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा २४ अनुसार यस प्रदेश राजस्व कार्यालयको कार्यालय प्रयोजन साथै कर्मचारी आवासको लागि घर/फ्ल्याट बहालमा लिन तपसिल बमोजिमको मापदण्ड भित्रको घर भाडामा लिनुपर्ने हुदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आइ पुग्ने गरी आफूले दिन सक्ने बहाल दररेट खुलाई रीत पूर्वकको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. भाडा लिनुपर्ने घर सुनसरी जिल्लाको इटहरी उप-महानगरपालिका वडा नं.२ भित्र, प्रमुख मार्गमा नपर्ने र व्यापारिक क्षेत्र तथा सघन शहरी क्षेत्र बाहेकमा हुनुपर्ने।
२. कम्पाउन्ड वालले घेराबार भएको हुनुपर्ने।
३. गाडी पार्किङ गर्ने सुविधा हुनुपर्ने।
४. प्राविधिक दृष्टिकोणबाट उपयुक्त घर हुनुपर्ने।
५. घरमा विद्युत, धारा, पानी, शौचालयको सुविधा भएको हुनुपर्ने।
६. बहाल लिने घरमा कम्तीमा ८ वटा कोठा हुनुपर्ने।
७. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी, बिजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपिसहित निवेदन पेश गर्नु पर्नेछ।
८. आफूले भाडामा दिन चाहेको घरजग्गा कति भाडा दरमा दिन सकिने हो घर बहाल कर सहित मासिक रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
९. निवेदन प्राप्त भएका घरको प्राविधिक मूल्याङ्कन गरी घरभाडा निर्धारण समितिको निर्णयबाट घरभाडा निर्धारण हुनेछ। प्रचलित कानून अनुसारको घर बहाल कर लाग्नेछ।
१०. निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।
११. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

शाखा अधिकृत

वेबसाइटः pro.koshi.gov.np इमेल info.pro@koshi.gov.np फोन ०२५-५९०७१९